## बैठक नं. - २० औँ
## २०७५ साल जेठ २२

आज मिति २०७५ साल जेठ २२ गते सोमबारका दिन यस मुसीकोट नगर कार्यपालिकाका प्रमुख देबीलाल गौतमको अध्यक्षतामा बैठक बसी तपशिलका प्रस्तावहरु उपर ब्यापक छलफल गरि निम्न निर्णयहरु पारित गरियो ।

**<u>तपशिल</u>**

| क्र. सं. | नाम थर | पद | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | देबीलाल गौतम | नगर प्रमुख | ९८५७८२१५०६ | |
| २. | प्रेमकुमारी सुनार | उप-प्रमुख | ९८५७८२५३२२ | |
| ३. | बिरबल केसी | अध्यक्ष वडा नं. १ | ९८४७९३३३८७ | |
| ४. | काशीराम खड्का | अध्यक्ष वडा नं. २ | ९८४४९१४४२२ | |
| ५. | भिमबहादुर खड्का | अध्यक्ष वडा नं. ३ | ९८६८६०९८१५ | |
| ६. | निर्मलकुमार पुन | अध्यक्ष वडा नं. ४ | ९८०३२७२३८३ | |
| ७. | शुसिल गौतम | अध्यक्ष वडा नं. ५ | ९८४४९४९७११ | |
| ८. | बसन्त गौतम | अध्यक्ष वडा नं. ६ | ९७४८५६८६३९ | |
| ९. | हिमबहादुर पाण्डे | अध्यक्ष वडा नं. ७ | ९८४७९८१०३८ | |
| १०. | बद्धिप्रसाद बुढा | अध्यक्ष वडा नं. ८ | ९८६८९८०९२६ | |
| ११. | नबिन ओली | अध्यक्ष वडा नं. ९ | ९८६६०४८३४४ | |
| १२. | गोपेश्वर केसी | अध्यक्ष वडा नं. १० | ९८४४९१४४९३ | |
| १३. | पदमबहादुर पुन | अध्यक्ष वडा नं. ११ | ९८६७५३९१५१ | |
| १४. | प्रेमबहादुर ओली | अध्यक्ष वडा नं. १२ | ९८५७८२१८७९ | |
| १५. | दिपक केसी | अध्यक्ष वडा नं. १३ | ९८६६९२३२२३ | |
| १६. | भिमबहादुर बिष्ट- | अध्यक्ष वडा नं. १४ | ९८४४९०३३२१ | |
| १७. | धिरन सिर्पाली | का सदस्य | ९८४७८५२२८३ | |
| १८. | शसीराम परियार | का सदस्य | ९८१३९६६५३१ | |
| १९. | पबित्रा कामी | का सदस्य | ९८२२८२८३३८ | |
| २०. | जानकी केसी खड्का | निर्वाचित का सदस्य | ९८१०८००६७८ | |
| २१. | कमला बुढा पुन | निर्वाचित का सदस्य | ९८१५५३५९५४ | |
| २२. | चम्फा परियार | निर्वाचित का सदस्य | ९८१३४४२१४६ | |
| २३. | मिना बिक | निर्वाचित का सदस्य | ९८१०८७५९३३ | |
| २४. | यामकुमारी नेपाली | निर्वाचित का सदस्य | ९८६६८३२६४९ | |
| २५. | माधव प्रसाद शर्मा | प्रमुख प्रशासकीय अधिकृत | ९८५७८२५१११ | |

| | | | | |
|---|---|---|---|---|
| २६. | मोहन कुमार केसी | नायव सुब्बा | ९८४७९५३३७८ | |
| २७. | घन श्याम शर्मा | इन्जिनियर | ९८५१०४७६४३ | |
| २८. | धन कुमार शाही | कम्प्युटर अपरेटर | ९८५७८२४२६३ | |

**प्रस्तावहरु :**

१, ल्याब केन्द्र निर्माण सम्बन्धमा ।
२, वडा भेला तथा योजनाको छनौट सम्बन्धमा ।
३, बिद्यालय समायोजन सम्बन्धमा ।
४, कार्यबीधि स्वीकृत सम्बन्धमा ।
५, प्रमाण पत्र बितरण सम्बन्धमा ।
६, सवारी साधन खरिद सम्बन्धमा ।
७, स्वास्थ्य बिमा सम्बन्धमा ।
८, नीति तथा कार्यक्रम सम्बन्धमा ।
९, आर्थिक श्रोत सुनिश्चितता तथा निर्णय अनुमोदन सम्वन्धमा ।
१०, सरसफाइ सप्ताह २०७५ सम्बन्धमा
११, योजनाहरुको शिर्षक परिबर्तन सम्बन्धमा ।
१२, बिबिध सम्बन्धमा ।

**निर्णयहरु :** उपर्युक्त प्रस्तावहरुमा छलफल गरि निम्न निर्णयहरु सर्बसम्मत रुपले पारित गरियो ।

**निर्णय नं. १**

यस नगरपालिका वडा नं. ६, झुल्खेतमा ल्याब केन्द्र स्थापना गर्न आवश्यक जग्गा निशुल्क उपलब्ध गराउने क्रममा बिबाद भएपछि स्थलगत अनुगमन गरि प्रतिबेदन पेश गर्न यस नगरपालिकाबाट गठित टोलीबाट प्राप्त प्रतिबेदनका आधारमा वडा नं. ६, झुल्खेतमा निशुल्क जग्गा कार्यालयको नाममा प्राप्त गरि सोहि स्थानको सेरोफेरोमा भवन भाडामा लिइ ल्याब केन्द्र सञ्चालन गर्ने र आगामी आ.ब.मा भवन निर्माण गर्ने ।

**निर्णय नं. २**

यस नगरपालिकाको आ.ब.२०७५।०७६ का लागि योजना छनौट गर्न सबै वडाहरुमा मिति २०७५।०२।२८ गतेदेखि ०७५।०३।०५ गतेसम्म निम्नानुसार सम्पन्न हुनेगरी वडा समितिहरुले सबै टोल तथा बस्तीहरुमा भेला गरि वडा भेला सम्पन्न गरेर बार्षिक योजना तर्जुमा दिग्दर्शन बमोजिम योजना छनौट गरि सक्नु पर्ने र त्यसका लागि बिबिध खर्च शिर्षकबाट खर्च हुने गरि प्रत्येक वडामा चियापान तथा बिबिध खर्च स्वरुप रु. १०,०००।- का दरले उपलब्ध गराउने ।

**निम्नः**

मिति २०७५/२/३० गते वडा नं. ११ र १२ मा
मिति २०७५/२/३१ गते वडा नं. ३ र ५ मा
मिति २०७५/३/1 गते वडा नं. १ र २ मा

मिति २०७५/३/२ गते वडा नं. ४ र ६ मा
मिति २०७५/३/३ गते वडा नं. ९ र १० मा
मिति २०७५/३/४ गते वडा नं. १२ र १४ मा
मिति २०७५/३/५ गते वडा नं. ७ र ८ मा

**निर्णय नं. ३**

यस नगरपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुको विद्यालय समायोजन सम्बन्धी नगर शिक्षा समितिबाट पेश भएका प्रस्तावको सम्बन्धमा छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ज) को खन्ड १२ र नगरपालिका शिक्षा नियमावली, २०७४ को नियम १८ ले दिएको अधिकार प्रयोग गरी तपसिल अनुसार तह तथा कक्षा संचालन गर्ने गरी विद्यालय समायोजन, तह तथा कक्षा घटुवा गरी अव उप्रान्त तपसिल बमोजिम तह तथा कक्षा कायम गरी सञ्चालन गर्ने ।

**तपसिल**

मुसिकोट नगरपालिका अन्तर्गत विद्यालय समायोजन भई कायम रही संचालन हुने सामुदायिक विद्यालयहरुको तह तथा कक्षा विवरण, २०७५

| सि.न | विद्यालयको नाम र विद्यालय रहेको ठेगाना | हालको ठेगाना | | यस अघि संचालित कक्षा | | अब कायम गरिएको कक्षा | |
|---|---|---|---|---|---|---|---|
| | | न.पा. | वडा न. | देखि | सम्म | देखि | सम्म |
| १ | त्रि.ज.मा.वि. खलंगा १ | मुसिकोट | १ | १ | १२ | १ | १२ |
| २ | त्रिपुरा मा.वि.छिङ, स्यालापाखा ३ | मुसिकोट | १ | १ | १२ | १ | १२ |
| ३ | लक्ष्मी मा.वि. कैलदेउ, स्यालापाखा ४ | मुसिकोट | १ | १ | १० | १ | १० |
| ४ | सरस्वती मा.वि.सल्ले, खलंगा २ | मुसिकोट | १ | १ | १० | १ | १० |
| ५ | राजापानी आधारभूत विद्यालय साजेतरा, स्यालापाखा ४ | मुसिकोट | १ | १ | ५ | १ | ५ |
| ६ | चन्दनमाथ आधारभूत विद्यालय डाग्रेचौर, खलंगा १ | मुसिकोट | १ | १ | ५ | १ | ३ |
| ७ | वालविकास आधारभूत विद्यालय माथीगांउ छिङ ३ | मुसिकोट | १ | १ | ५ | १ | ५ |
| ८ | पशुपति मा.वि. रातामाटा, खलंगा ८ | मुसिकोट | २ | १ | १० | १ | १० |
| ९ | महाकाली मा.वि. समिबोट खलंगा ९ | मुसिकोट | २ | १ | १० | १ | १० |
| १० | जनहित आधारभूत विद्यालय माछिमी, खलंगा ५ | मुसिकोट | ३ | १ | ८ | १ | ८ |
| ११ | शिव आधारभूत विद्यालय पिपलनेटा, खलंगा ५ | मुसिकोट | ३ | १ | ५ | १ | ३ |
| १२ | बा.क.मा.वि. सोलाबाङ, खलंगा ६ | मुसिकोट | ४ | १ | १२ | १ | १२ |
| १३ | भगवति आधारभूत विद्यालय ठाराढुङगा ७ | मुसिकोट | ४ | १ | ८ | १ | ८ |
| १४ | भगवति आधारभूत विद्यालय कोटचौतारा, खलंगा ६ | मुसिकोट | ४ | १ | ५ | बालविकास केन्द्र मात्र | |

| सि.न | विद्यालयको नाम र विद्यालय रहेको ठेगाना | हालको ठेगाना | | यस अघि संचालित कक्षा | | अब कायम गरिएको कक्षा | |
|---|---|---|---|---|---|---|---|
| | | न.पा. | वडा न. | देखि | सम्म | देखि | सम्म |
| १५ | बालसरस्वति आधारभूत विद्यालय घूरीखोला, खलंगा ६ | मुसिकोट | ४ | १ | ५ | १ | ३ |
| १६ | यमुनानन्दनमूना उ.मा.वि सेरीगाउं, खलंगा ३ | मुसिकोट | ५ | १ | १२ | १ | १२ |
| १७ | शाइकूमारी आधारभूत विद्यालय थपु, खलंगा ४ | मुसिकोट | ५ | १ | ८ | १ | ८ |
| १८ | आधारभूत विद्यालय, डाङडुङ्गे, खलंगा ४ | मुसिकोट | ५ | १ | ५ | बालविकास केन्द्र मात्र | |
| १९ | वालकल्याण मा.वि. झुलखेत सांख ८ | मुसिकोट | ६ | १ | १२ | १ | १२ |
| २० | समाजकल्याण आधारभूत विद्यालय भण्डारीकांडा, सांख ९ | मुसिकोट | ६ | १ | ५ | १ | ५ |
| २१ | जनचेतना आधारभूत विद्यालय डाडीगाउं, सांख ८ | मुसिकोट | ६ | १ | ५ | १ | ३ |
| २२ | जनजागृति मा.वि. सांख १ | मुसिकोट | ७ | १ | १० | १ | १० |
| २३ | सूर्योदय आधारभूत विद्यालय खालवोट सांख ५ | मुसिकोट | ७ | १ | ५ | १ | ५ |
| २४ | नि.मा.वि घोरखानी, सांख ९ | मुसिकोट | ८ | १ | ८ | १ | ८ |
| २५ | सरस्वती आधारभूत विद्यालय, तिर्सिङ चौखावाङ ३ | मुसिकोट | ८ | १ | ५ | १ | ५ |
| २६ | शाइकूमारी आधारभूत विद्यालय पोखराथाम क्वाम्मा ४ सांख | मुसिकोट | ८ | १ | ५ | १ | ३ |
| २७ | जनचेतना आधारभूत विद्यालय सांख ६, लसुनेवारी | मुसिकोट | ८ | १ | ५ | १ | ३ |
| २८ | जनशिक्षा आधारभूत विद्यालय चौखाबाङ १ | मुसिकोट | ९ | १ | ८ | १ | ८ |
| २९ | जुवाला आधारभूत विद्यालय हिल, चौखाबाङ ५ | मुसिकोट | ९ | १ | ५ | १ | ५ |
| ३० | कृष्ण आधारभूत विद्यालय लिङगुर चौखावाङ ४ | मुसिकोट | ९ | १ | ५ | १ | ५ |
| ३१ | सुर्योदय आधारभूत विद्यालय होल चौखावाङ ४ | मुसिकोट | ९ | १ | ५ | १ | ३ |
| ३२ | मालिका मा.वि.चुन, चौखावाङ ७ | मुसिकोट | १० | १ | १० | १ | १० |
| ३३ | जनता आधारभुत विद्यालय गलमपाटी चौखावाङ ९ | मुसिकोट | १० | १ | ५ | १ | ५ |
| ३४ | शान्ति नमुना आधारभूत विद्यालय डेलडांडा चौखावाङ्ग ८ | मुसिकोट | १० | १ | ५ | १ | ५ |
| ३५ | जनकल्याण मा.वि., रामपाखा, भलाक्चा १ | मुसिकोट | ११ | १ | १० | १ | १० |
| ३६ | ज्ञानोदय मा.वि.लहुं, भलाक्चा ७ | मुसिकोट | ११ | १ | १० | १ | १० |
| ३७ | बालर्धम आधारभूत विद्यालय स्याबाङ भलाक्चा ३ | मुसिकोट | ११ | १ | ५ | १ | ५ |
| ३८ | उपकार आधारभूत विद्यालय कूसूमडांडा भलाक्चा ९ | मुसिकोट | ११ | १ | ५ | १ | ३ |
| ३९ | वालचेतना आधारभूत विद्यालय खर्चिवाङ्ग भलाक्चा ३ | मुसिकोट | ११ | १ | ५ | १ | ३ |

| सि.न | विद्यालयको नाम र विद्यालय रहेको ठेगाना | हालको ठेगाना | | यस अघि संचालित कक्षा | | अब कायम गरिएको कक्षा | |
|---|---|---|---|---|---|---|---|
| | | न.पा. | वडा न. | देखि | सम्म | देखि | सम्म |
| ४० | सरस्वति शिशु कल्याण आधारभूत विद्यालय सिव्री भलाक्चा | मुसिकोट | ११ | १ | ३ | १ | ३ |
| ४१ | जनकल्यान मा.वि.कासपोखरी भलाक्चा ५, ६ | मुसिकोट | १२ | १ | १० | १ | १० |
| ४२ | ने.रा. आधारभूत विद्यालय जमारु छिवाङ ४ | मुसिकोट | १२ | १ | ८ | १ | ८ |
| ४३ | वालविकास आधारभूत डाडागांउ छिवाङ ९ | मुसिकोट | १२ | १ | ५ | १ | ५ |
| ४४ | महेन्द्र मा. वि., चौतारा, छिबाङ्ग १ | मुसिकोट | १३ | १ | १२ | १ | १२ |
| ४५ | ने.रा. आधारभूत विद्यालय डाडाछिबाङ, छिबाङ्ग ३ | मुसिकोट | १३ | १ | ५ | १ | ५ |
| ४६ | सरस्वती आधारभूत विद्यालय काउलेचौर छिवाङ २ | मुसिकोट | १३ | १ | ५ | १ | ५ |
| ४७ | जनप्रिय आधारभूत विद्यालय हाईवाङ्ग छिवाङ्ग ५ | मुसिकोट | १३ | १ | ५ | १ | ५ |
| ४८ | जनज्योति आधारभूत विद्यालय लामडांडा छिवाङ ५ | मुसिकोट | १३ | १ | ३ | १ | ३ |
| ४९ | जनप्रिय आधारभूत विद्यालय सतिपोले छिवाङ ५ | मुसिकोट | १४ | १ | ५ | १ | ३ |
| ५० | प्रभात मा.वि., छिबाङ, दोपाई, छिबाङ्ग ८ | मुसिकोट | १४ | १ | १२ | १ | १२ |
| ५१ | जन आधारभूत विद्यालय लोरीबाङ, छिवाङ ७ | मुसिकोट | १४ | १ | ८ | १ | ८ |
| ५२ | जनजागृति आधारभूत विद्यालय घ्यूालीडांडा छिवाङ्ग ६ | मुसिकोट | १४ | १ | ५ | १ | ३ |
| ५३ | ज्ञानकून्ज आधारभूत विद्यालय फिमडांडा छिवाङ्ग ६ | मुसिकोट | १४ | १ | ५ | बालविकास केन्द्र मात्र | |
| ५४ | चन्द्रगंगा आधारभूत विद्यालय त्रिशूले, छिबाङ्ग ८ | मुसिकोट | १४ | १ | ५ | १ | ३ |
| ५५ | दियो आधारभूत विद्यालय छिवाङ्गखोला छिबाङ् ८ | मुसिकोट | १४ | १ | ५ | १ | ३ |

(नोटः तह तथा कक्षा घटुवा भएका विद्यालयहरुलाई हल्का खैरो रङ्गले संकेत गरिएको छ ।)

साथै यस नगर कार्यपालिकाबाट निर्णय भए बमोजिम समायोजन, तह तथा कक्षा घटुवामा परेका विद्यालयहरुमा रहेको भौतिक पुर्वाधार, विद्यालयमा रहेका कागजात, विवरण लगायत सम्पूर्ण चल, अचल सम्पत्तीको रेखदेख र संरक्षण गर्नको लागि अर्को व्यवस्था नभएसम्म सम्बन्धित वडा कार्यालयलाई जिम्मा दिने र ति विद्यालयहरुमा कार्यरत शिक्षक, विद्यालय कर्मचारी तथा बालविकास सहजकर्ताहरुको शिक्षक तथा विद्यालय कर्मचारी सरुवा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ र मुसिकोट नगरपालिका शिक्षा नियमावली, २०७४ बमोजिम उपयुक्त व्यवस्थापन गर्न गराउनको लागि मुसिकोट नगर शिक्षा समितिलाई जिम्मा दिने ।

**निर्णय नं. ४**

यस नगरपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा स्वीकृत, राहत अनुदान दरवन्दी मिलान, शिक्षक, विद्यालय कर्मचारी तथा बालविकास सहजकर्ताको सरुवा तथा व्यवस्थापनको लागि नगर शिक्षा समितिबाट पेश भएको शिक्षक तथा विद्यालय कर्मचारी सरुवा व्यवस्थापन सम्बन्धी तपशिल बमोजिमको कार्यविधि, २०७५ स्वीकृत गरी सो अनुसार गर्न गराउनको लागि मुसिकोट नगर शिक्षा समितिलाई जिम्मा दिने ।

**तपशिल**

शिक्षक तथा विद्यालय कर्मचारी
सरुवा-व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७५

**प्रस्तावना :** मुसिकोट नगरपालिकाको शिक्षा ऐन, २०७४ को दफा ३८ र मुसिकोट नगरपालिका शिक्षा नियमावली, २०७४ को नियम ५९ को अधिनमा रही मुसिकोट नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, विद्यालय कर्मचारी तथा बालविकास केन्द्रका सहजकर्ताहरुको सरुवालाई व्यवस्थित गर्नको लागि मुसिकोट नगरपालिका, नगर कार्यपालिकाले यो कार्यविधि बनाइ लागू गरेको छ ।

**१. संक्षिप्त नाम, प्रारम्भ र प्रयोग**

क यो कार्यविधिको नाम "मुसिकोट नगरपालिका शिक्षक तथा कर्मचारी सरुवा-व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ रहेको छ "

ख यो कार्यविधि मुसिकोट नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरु तथा वालविकास केन्द्रहरुमा हुने सरुवासम्बन्धी प्रयोजनमा लागू हुनेछ ।

ग यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

घ यो कार्यविधि सामुदायिक विद्यालयका विद्यालय सहयोगी, विद्यालय सहायक, बालविकास सहजकर्ता, प्राथमिक तहदेखि माध्यमिक तहसम्मका स्वीकृत दरवन्दी, स्थायी, अस्थायी, करार, परियोजना तथा राहत अनुदानकोटामा कार्यरत शिक्षक कर्मचारीहरुको सरुवाको लागि प्रयोग हुनेछ।

**२. परिभाषा**

क "ऐन" भन्नाले मुसिकोट नगरपालिका शिक्षा ऐन, २०७४ सम्झनुपर्छ । साथै ऐन भन्नाले संघिय शिक्षा ऐन तथा प्रादेशिक शिक्षा ऐन समेतलाई जनाउनेछ ।

ख "नियमावली" भन्नाले मुसिकोट नगरपालिका शिक्षा नियमावली, २०७४ सम्झनुपर्छ । साथै नियमावली भन्नाले प्रचलित संघिय शिक्षा नियमावली तथा प्रादेशिक शिक्षा नियमावलीलाई समेत जनाउनेछ ।

ग "शिक्षा शाखा" भन्नाले मुसिकोट नगरपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

घ "कार्यविधि" भन्नाले शिक्षक तथा कर्मचारी सरुवा-व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ सम्झनुपर्छ ।

## ३. सरुवाको आधार तथा कार्यविधि

**(१) शिक्षा ऐन, नियमावली तथा यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरुको अधिनमा रही सरुवा गर्दा देहाय बमोजिमका आधारहरु अवलम्वन गरिनेछ :**

क नगरपालिका भित्र एक विद्यालयबाट अर्को विद्यालयमा दरवन्दी, तह तथा विषय मिल्ने भएमा मात्र नगर शिक्षा समितिको निर्णय अनुसार नगर शिक्षा अधिकृतले सरुवा गर्न सक्नेछ ।

ख कर्मचारी तथा सहजकर्ताको सरुवा गर्दा रिक्त कोटा हुनुपर्नेछ ।

ग शिक्षक सरुवा गर्दा शिक्षकको तह र अध्यापन विषय मिलाउनुपर्ने छ ।

घ एकपटक सरुवा गरिएको शिक्षकलाई तीन बर्ष पुरा नगरी सरुवा गरिनेछैन ।

तर कुनै विद्यालयमा कार्यरत शिक्षक अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने व्यहोरा नेपाल सरकारले तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गरेमा निजलाई जुनसुकै बखत पनि सरुवा गर्न सकिनेछ ।

ङ मुसकोट नगरपालिका शिक्षा नियमावली, २०७४ को नियम ५८ अनुसूची १२ मा उल्लिखित विषयको शिक्षक नरहेको विद्यालयमा अर्को विषयको शिक्षक सरुवा गरिने छैन ।

**(२) शिक्षकलाई सरुवा गर्दा देहाय बमोजिमका कार्यविधिका आधारमा गर्नुपर्ने छ :**

(क) तोकिएको जिम्मेवारी तोकिएको समय भित्र पूरा नगरेको भनी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालय निरीक्षकबाट सिफारिस भएमा ।

(ख) एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक भएमा ।

(ग) दरवन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक भएमा ।

(घ) विपद्का कारणबाट विद्यालय र विद्यालय रहेको समुदाय नै अन्यत्र स्थानान्तरण गर्नुपर्ने अवस्थामा नगरपालिकाको विपद् व्यवस्थापन समितिले सिफारिस गरेमा ।

(ङ) नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखिरहंदा विद्यालयको शैक्षिक वातावरण खलवलिएको वा खलवलिन सक्ने ब्यहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएमा ।

(च) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा ।

(छ) पति पत्नि दुवै शिक्षक वा कर्मचारी रहेको अवस्था भए सकभर एकै विद्यालय वा वडा भित्र पर्ने गरी सरुवा गर्नु परेमा ।

(ज) विद्यालय समायोजन, तह तथा कक्षा घटुवा भई उक्त विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी अन्यत्र व्यवस्थापन गर्नुपरेमा दरवन्दी रिक्त रहेका वा थपिएका विद्यालयहरुको दरवन्दी विवरण तयार गरी व्यवस्थापन गर्नुपर्ने शिक्षक कर्मचारीहरुको नियुक्ति मितिको आधारमा अस्थायीको सेवा अवधि आधा र स्थायीको सेवा अवधी पूरै जोडी हुन आउने जम्मा सेवा अवधि गणना हुनेगरी जेष्ठताक्रम कायम गरी सो अनुसार छनौट गर्न लगाई व्यवस्थापन गरिनेछ ।

(झ) १५ दिनभन्दा बढी विदा स्वीकृत नगराई विद्यालयमा अनुपस्थित रहेको र पटकपटक जिम्मेवारी निर्वाहमा लापरवाही गरेको भनि विद्यालय व्यवस्थापन समितिबाट लेखी आएमा त्यस्ता शिक्षक कर्मचारीलाई अन्यत्र सरुवा गरी नियमानुसार विभागीय कारवाही समेत गरिनेछ ।

(ञ) सरुवा वा शिक्षक कर्मचारी व्यवस्थापन गर्दा अपाङ्गता भएका शिक्षक र महिलालाई निजको स्थायी ठेगानाको आधारमा घर पायक पर्ने स्थानमा सरुवा वा व्यवस्थापन गर्न प्राथमिकता दिइनेछ ।

(ट) शिक्षकको माग अनुसार सरुवा गर्दा एउटै विद्यालयमा धेरै शिक्षकको माग दावी रहेमा लामो अवधिसम्म एकै विद्यालयमा बसेका र सम्वन्धित विद्यालय व्यवस्थापन समितिको सहमती अनुमति भएका शिक्षकलाई पहिलो प्राथमिकता दिइनेछ ।

(ठ) तह, विषय र दरवन्दी मिलानको क्रममा सम्वन्धित शिक्षक र विद्यालयको सहमति वेगर पनि नगरपालिका भित्रका विद्यालयहरुमा कार्यरत शिक्षक कर्मचारीहरुलाई नगर शिक्षा समितिको निर्णय अनुसार सरुवा वा व्यवस्थापन गर्न सकिनेछ ।

(३) स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक, अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षक कर्मचारीलाई निजको इच्छा विपरित एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिने छैन ।

(४) सरुवा भएको एक्काइस दिनभित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षक वा कर्मचारीलाई मुसिकोट नगरपालिका शिक्षा नियमावली, २०७४ को नियम ५९ को अनुसूची–१३ बमोजिमको ढाँचामा रमाना पत्र दिई सोको जानकारी सम्बन्धित विद्यालय र शिक्षा शाखालाई दिनु पर्नेछ ।

(५) नगरपालिकाको स्रोतबाट तलब भत्ता खानेगरी दरवन्दी सृजना भई नियुक्ति भएका शिक्षक,कर्मचारीहरुको सरुवा गर्दा नगरपालिकाको स्रोतबाटै तलबभत्ता खाने सोही तह र प्रकृतिको दरवन्दीमा मात्र सरुवा गर्न सकिनेछ ।

४. सरुवा प्रकृया

(१) सरुवा हुन चाहने शिक्षक कर्मचारीले सरुवा हुनु पर्नाको कारण खुलाई नियुक्ति पत्र, नियुक्ति भएको विषय, अध्यापनरत विषय, शैक्षिक योग्यता, उमेर तथा हाल कार्यरत विद्यालयमा कार्य गरेको सेवा अवधि समेत खुल्ने गरी हाल कार्यरत विद्यालयको सहमति पत्र सहित शिक्षा शाखामा निवेदन दिनुपर्नेछ ।

निवेदनमा झुठ्ठा विवरण पेश भएको आधारमा कुनै पनि शिक्षक कर्मचारीको सरुवा भएमा त्यस्तो सरुवा रद्ध गरी झुठा विवरण पेश गर्ने शिक्षक कर्मचारीलाई विभागीय कारवाही समेत गर्न सकिनेछ ।

(२) शिक्षा अधिकृतले नगर शिक्षा शाखामा पेश भएका निवेदनहरु शिक्षा शाखाको अभिलेखसंग भिडाइ, रुजु गरी नगर प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

(३) सरुवाको कार्यविधि र प्रकृया पूरा भई पेश भएका निवेदनहरु नगर प्रमुखको निर्देशनमा नगर शिक्षा समितिको बैठकमा आवश्यक निर्णयार्थ पेश गरिनेछ । सरुवा गर्ने नगर्ने अन्तिम अधिकार नगर शिक्षा समितिमा निहित रहनेछ ।

(४) नगर शिक्षा समितिमा सरुवा उपरको प्रस्तावमा मत बाझिएमा बहुमतको आधारमा निर्णय हुनेछ ।

(५) नगर शिक्षा समितिमा सरुवाको निर्णय भए पश्चात नगर शिक्षा शाखाले सरुवा भएका शिक्षकलाई सरुवा पत्र उपलब्ध गराउनुपर्नेछ ।

**५ दरवन्दी मिलान**

नगर पालिका अन्तर्गतका सामुदायिक विद्यालयमा शिक्षक, कर्मचारी र बालविकास तर्फका स्वीकृत, राहत अनुदान तथा करार दरवन्दीको वितरण, पुनरवितरण, व्यवस्थापन तथा मिलानको लागि नगर शिक्षा समितिले कार्यदल गठन गरी कार्यदलको सुझाव समेतको आधारमा दरवन्दी मिलान सम्बन्धी उपयुक्त निर्णय गर्न सक्नेछ ।

तर, उक्त दरवन्दी मिलान सम्बन्धी निर्णय नगर कार्यपालिकामा अनुमोदनको लागि पेश गर्नुपर्नेछ ।

**६. बाझिएमा हुने**

यो कार्यविधि प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

७. **ब्याख्या**

यो कार्यविधिको प्रयोगमा दिविधा उत्पन्न भएमा मुसिकोट नगरपालिका, नगर कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

**निर्णय नं. ५**

यस नगरपालिकामा बिभिन्न कामकाजका लागि कानुन बमोजिम रित पुऱ्याइ निबेदन आएमा निर्माण ब्यबसायीहरुलाई इजाजत पत्र प्रदान गर्ने र टोल विकास संस्था तथा सहकारी संस्थाहरुलाई पनि कानुन बमोजिम दर्ता गरि प्रमाण पत्र प्रदान गर्ने । त्यसका लागि आवश्यक प्रमाण पत्र छपाइका लागि स्टोरलाई जिम्मा दिने ।

**निर्णय नं. ६**

क) यस नगरपालिकाको खरिद प्रक्रियामा रहेको एम्बुलेन्स भारत सरकारले एम्बुलेन्स सम्बन्धी मापदण्ड परिबर्तन गरेको हुनाले फोर्स मोटर्स कम्पनीले ६ महिना पछि मात्र निर्माण गरि उपलब्ध गराउने भन्ने लिखित जानकारी आपुर्ती कर्ताबाट प्राप्त भएकोले एम्बुलेन्स खरिदका लागि अगाडी बढाइएको प्रक्रिया रद्ध गरि तत्काल अर्को एम्बुलेन्स ल्याउन छिटो भन्दा छिटो प्रक्रिया पुरा गरि चालु आ.ब.को प्रशासनिक तथा चालु खर्चको कार्यक्रम खर्च शिर्षकबाट खर्च गर्ने गरि टाटा वा सो सरहको एम्बुलेन्स खरिद गर्न खरिद समितिलाई निर्देशन दिने ।

ख) यस नगरपालिकाको हाल सञ्चालनमा रहेको सवार गाडी पुरानो हुनुका साथै बिभिन्न कामकाजका लागि पर्याप्त नभएको हुदाँ तत्काल चालु आ.ब.को प्रशासनिक तथा चालु खर्चको कार्यक्रम खर्च शिर्षकबाट खर्च गर्ने गरि एउटा स्कारपियो गाडी खरिद गर्न खरिद समितिलाई निर्देशन दिने ।

**निर्णय नं. ७**

यस नगरपालिकाका बिभिन्न वडामा रहेका बिपन्न घरपरिवारहरुका लागि नेपाल सरकारद्धारा लागु गरिएको स्वास्थ्य बिमा अन्तरगत सम्बन्धीत वडा अध्यक्षले सिफारिस गरेका प्रत्येक वडाका ५ वटा घरपरिवारहरुका प्रति परिवार ५ जना सदस्यसम्मलाई प्रशासनिक खर्चतर्फको बिबिध खर्च शिर्षकबाट खर्च हुने गरि  निशुल्क स्वास्थ्य बिमाका लागि तोकिएको न्युनतम् रकम उपलब्ध गराउने ।

**निर्णय नं. ८**

यस नगरपालिकाको आउँदो आ.ब.का लागि नीति तथा कार्यक्रम तय गर्न उपप्रमुखको संयोजकत्वमा रहेको समितिले बिषयगत समिति, लेखा शाखा र योजना शाखाको सहयोगमा मस्यौदा निर्माण गर्न सम्बन्धीत क्षेत्रका बिज्ञहरुसँग परामर्श गरि प्राप्त सुझाब समेत समावेश गरि कार्यपालिकाको बैठकमा पेश गर्ने ।

**निर्णय नं. ९**

क) यस नगरपालिकाको चालु आ.ब.मा नगर कार्यपालिकाको बिभिन्न मितिमा भएको निर्णयबाट खर्च गरिएका निम्न शिर्षकहरुको रकम प्रथम नगर सभाबाट म्याचिङ फण्डमा बिनियोजित रकम रु.९०,००,०००।- बाट ब्यहोर्ने गरि श्रोत शुनिश्चित गरि भएको खर्च अनुमोदन गर्ने र बाँकी रकम नगर कार्यपालिकाको निर्णय अनुसार खर्च गर्ने ।

**निम्नः**

| | |
|---|---|
| १, कृषि शाखा | रु.७३,१४,०००।- |
| २, बहु क्षत्रिय पोषण | रु.१०,००,०००।- |
| ३, आवधिक नगर योजना | रु.५,००,०००।- |
| ४, भइपरी आउने खर्च | रु.१,८६,०००।- |
| जम्मा | रु.९०,००,०००।- |

ख) यस नगरपालिकाको गत बर्षको अ.ल्या.बाट प्राप्त हुन आएको रु.२,२६,३३,४०८।५४ बाट यस नगरपालिकाको बिभिन्न मितिमा बसेको बैठकबाट निर्णय भइ निम्न शिर्षकहरुमा बिनियोजित रकमलाई श्रोत सुनिश्चित गरि भएको खर्च अनुमोदन गर्ने तथा बाँकी कार्यपालिकाको निर्णय बमोजिम खर्च गर्ने ।

निम्नः

| | |
|---|---|
| १, पशु शाखा | रु.९०,७७,४२०।- |
| २, स्टेचर खरिद | रु.१,५०,०००।- |
| ३, थप बजेट वडागत | रु.७०,००,०००।- |
| ४, योजनाको मुल्याङ्कन गरि भुक्तानी | रु.१०,५५,८००।- |
| ५, बह्रमाकुमारीलाई | रु.५०,०००।- |
| ६, जिल्ला प्रहरी कार्यालयलाई | रु.२,५०,०००।- |
| ७, नेपाली सेनालाई | रु.१,५०,०००।- |
| ८, अस्पताललाई एम्बुलेन्स तथा औजार | रु.४२,००,०००।- |
| ९, बिनियोजित बजेटमा नपुग रकम | रु.५०,०००।- |
| जम्मा | रु.२,१९,८३,२२०।- |

## निर्णय नं. १०

नेपाल सरकार तथा जिल्ला खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति रुकुम ( पश्चिम)बाट निर्णय भए अनुसार यहि २०७५।०२।२२ देखि २०७५।०२।२८ सम्म १९औं राष्ट्रिय सरसफाइ सप्ताह भब्य रुपमा मनाउने र सरसफाइ मानव जीबनको अभिन्न अंग भएकोले यस कार्यक्रमलाई ब्यापक सहभागिता सहित निरन्तर रुपमा सञ्चालन गर्ने । साथै नगरक्षेत्रभित्र प्लाष्टिक प्रयोगलाई न्युनिकरण गर्न सरोकारवाला बिच छलफल तथा अन्तरक्रिया गर्ने तथा अन्य आवश्यक चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

## निर्णय नं. ११

यस नगरपालिकाका बिभिन्न वडामा बिनियोजित तपशिलका योजनाहरुलाई शिर्षक परिबर्तन गरि निम्न योजनामा बिनियोजन गर्ने ।

**निम्नः**

क) वडा नं ६ प्रा.वि.मेलचौरमा शौचालय निर्माणको लागि छुटयाईको रु.१,०००००। रकमलाई सोहि विद्यालयको फिल्ड निर्माण योजना कार्यको लागि रु.१,०००००। शिर्षक परिबर्तन गर्ने ।

ख) वडा नं २ स्थित महाकालि मा.वि.समिवोटलाई कार्यपालिकाको बैठकबाट बिद्यालय भवन निर्माणका लागि रु.४,००,०००। घेराबारका लागि रु.२,००,०००। विनियोजित गरियकोमा भवन निर्माणका लागि विनियोजित रकम अपुग भएको भनि माग भएकोले घेराबारका लागि बिनियोजित रु.२,०००००। समेत भवन निर्माणमा थप गर्ने ।

ग) वडा नम्बर ५ को मध्य पहाडी ठुली पिपल हुदै टटेला जाने सडक योजनाको रकम रु. ५,००,०००। लाई शिर्षक परिबर्तन गरि नगरपालिका वन कार्यालय हुदै राप्ती लोकमार्गसम्म पि.सि.सी गर्ने ।

घ) वडा नम्बर ८ को उदिनढुङ्गा खानेपानी मर्मत योजनाको रकम रु.२,००,०००। लाई शिर्षक परिबर्तन गरि खावाङखानी क्वाम्मा खानेपानी मर्मत निर्माण कार्य गर्ने ।

ङ) वडा नं ६ स्थित शहिद नरेन्द्रको शालिक निर्माण योजनाको रकम रु. ५,०००००। लाई शिर्षक परिबर्तन गरी सोहि स्थानमा शहिद गेट निर्माण गर्ने ।

च) वडा नं १ स्थित चन्दननाथ प्रा.वि.छाना निर्माण योजनाको रकम रु.३,०००००। लाई शिर्षक परिबर्तन गरी सोहि विद्यालयको लागि घेरावार कार्यक्रम योजना सम्पन्न गर्ने ।

छ) वडा नं ८ स्थित कासुवाङ पुल निर्माण योजनालाई शिर्षक परिबर्तन गरी घट्टेखोला पुल योजना कार्य सम्पन्न गर्ने ।

ज) वडा नम्बर १ मा रहेको गोकर्ण गिरी बृद्धा आश्रम सञ्चालनका लागि आ.ब.२०७४।०७५ को बिनियोजित बजेट रु. ५ लाखलाई शिर्षक परिबर्तन गरि सोहि संस्थाको तारबार र भवन तथा गेट मर्मतका लागि बिनियोजित गर्ने ।

झ) वडा नम्बर ३ मा रहेको पिपलनेटा खानेपानी रिर्जब ट्याङ्की निर्माणका लागि छुटयाईको रु.१,०००००। रकमलाई शिर्षक परिबर्तन गरी पाउँ भनि वडाबाट निर्णय सहितको माग भइ आएकोले सोहि स्थानमै खानेपानी मर्मत गर्ने ।

**निर्णय नं. १२**

क) यस नगरपालिकाको कार्यालय ब्यबस्थापनका लागि पुजीगत तर्फको शिर्षकबाट खर्च गर्ने गरि आवश्यक पर्ने मेसनरी औजार तथा फर्निचर सामाग्रीहरु खरिद गर्न खरिद समितिलाई निर्देशन दिने ।

ख) यस नगरपालिकाको लक्षित बर्गको कार्यक्रम अन्तरगत आदीबासी जनजातीहरुका लागि सबै वडा समेटने गरि सचेतनामुलक गोष्ठी सञ्चालन गर्न नगर जनजाति महासंघलाई जिम्मा दिने ।

ग) यस नगरपालिकामा रहेका सम्पूर्ण सहकारी संस्थाहरुलाई लेखा तथा ब्यबस्थापन सम्बन्धीको तालिम सञ्चालन गर्न जिल्ला सहकारी संघको समन्वयमा बलिदान सहकारी संस्थालाई जिम्मा दिने ।

घ) बिषयगत समिति र शाखाहरुको कार्यलाई परिणाममुखी बनाउन कर्मचारीहरुलाई अतिरिक्त समय समेत कार्यादेश दिइ काममा परिचालन गर्ने ब्यबस्था मिलाउने र अतिरिक्त समय काम गरेबापत थप ओटीको ब्यबस्था गर्ने ।

ङ) आ.ब. २०७४।०७५मा यस नगरपालिकाको वडा नम्बर ५ को डाङडुङ्गे महिला भवन निर्माणका लागि बिनियोजित रकम रु.५,००,०००।-लाई शिर्षक परिबर्तन गरि सोहि वडाकै श्री यमुना नन्द नमुना माबि सेरीगाउँको कक्षाकोठा थप गर्नका लागि बिनियोजन गर्ने ।

च) यस नगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण ब्यबसायीहरुलाई आफ्नो ब्यबसाय वडामा सुचिकृत गरि वडाबाटै दर्ता प्रमाण पत्र प्रदान गर्ने र सोहि वडाले यस बर्षको ब्यबसायी कर संकलन गरि चालु आ.ब.को असार मसान्तभित्र नगरपालिकामा जम्मा गर्ने ।

छ) वालबिबाह न्युनिकरणका लागि पुजीगत श्रोतबाट खर्च गर्ने गरि यस नगरपालिका अन्तरगतको नगर बाल सञ्जालद्धारा प्रदर्शन गरिएको सडक नाटकमा लागेको खर्चलाई बिल बमोजिमको रकम रु.४९,०००। भुक्तानी दिने ।

ज) यस नगरपालिकाभित्र रहेका जेष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रममा बिनियोजित गरिएको रकममा अपुग भएको रकम चालु श्रोतबाट खर्च गर्ने गरि रु.५६,०००।- उपलब्ध गराउने ।

झ) सशस्त्र प्रहरीका लागि भान्सा घर निर्माण गर्न जस्तापाता उपलब्ध गराउँदाको बिल बमोजिमको बढिमा रु.२५,०००।- चालु श्रोतबाट खर्च गर्ने गरि भुक्तानी दिने ।

ञ) एम्बुलेन्स तथा स्वास्थ्य उपकरण खरिदका लागि बिनियोजित रकम मध्ये खर्च भइ हालसम्म बचेको रु.३७,००,०००। बाट वडा नम्बर १, सल्ले स्थीत जिल्ला स्वास्थ्य कार्यालयको छाना बदल्न र सोहि कार्यालयको भान्सामा सुधारिएको चुलो निर्माण गर्न रु.५,५०,०००। बिनियोजन गर्ने ।

ट) यस मुसिकोट नगरपालिका अन्तर्गत संचालित विद्यालयहरुको स्थलगत अनुगमन गर्नको लागि सवारी साधन मोटर साइकल १ को अति आवश्यकता परेको भनी मुसिकोट नगरपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखाबाट माग भइ आएकोले चालु आ.ब.को प्रशासनिक तथा चालु खर्चको कार्यक्रम खर्च शिर्षकबाट खर्च गर्ने गरि एउटा मोटर साइकल खरिद गरी शिक्षा, युवा तथा खेलकुद शाखालाई उपलब्ध गराउने ।

ठ) यस नगरपालिकाको गत बर्षको नगद मौज्दात रकम रु ७,००,१८८।५४ मध्येबाट निम्न शिर्षकका योजनाको सम्झौता तथा मूल्याङ्कन गरि खर्च गर्ने गरि बजेट बिनियोजन गर्ने ।

**निम्नः**

अ) दोपाई साउरेखोलामा काठेपुल निर्माण कार्यको लागि रु. ४०,०००।- बिनियोजन गर्ने ।

आ) राष्ट्रिय कृषक महासँघको जिल्ला भेला सम्पन्न गर्नका लागि आर्थिक सहयोग माग भएको हुदाँ उक्त कृषक महासँघको जिल्ला भेलाका लागि रु. १,००,०००। आर्थिक सहयोग गर्ने ।

इ) यस नगरपालिकाको हाताभित्र शौचालय तथा खानेपानी धारा निर्माणका लागि खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय रुकुम(पश्चिम)बाट रु.४,००,०००। प्राप्त हुने र सो योजनाको म्याचिङ फण्डका लागि यस नगरपालिकाले रु.२,३०,०००। बिनियोजन गर्नुका साथै रु.७०,०००। श्रमदान बापत ब्यहोर्ने ।

ई) यस नगरपालिकाको मिति २०७४ चैत्र २९ को निर्णय नम्बर ४ मा स्वास्थ्य परिक्षण प्रयोगशाला स्थापना तथा सञ्चालनमा रु.१५,००,०००। बिनियोजन गरिएकोमा अस्पताल तर्फ बिनियोजित गरिएको रु.४२,००,०००। बाट नै स्वास्थ्य परिक्षण प्रयोगशाला स्थापना

तथा सञ्चालनमा खर्च गर्ने र मिति २०७४ चैत्र २९ को निर्णय नम्बर ४ मा बिनियोजित रकमबाट रु.४,००,०००। वडा नम्बर ११ को दलित नमुना बस्ती सुधारका लागि बिनियोजन गर्ने र बाँकी ११,००,०००। अबण्डामा राख्ने ।

अन्तमा बैठक सौह्रादपूर्ण वाताबरणमा सम्पन्न भएको नगर प्रमुखबाट घोषणा गरियो ।